# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ६६ मितिः २०७८/१२/१८

## भाग-२

## भरतपुर महानगरपालिका प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ (प्रथम संशोधन)

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि २०७८ (प्रथम संशोधन)

सबै सामुदायिक विद्यालयमा करारमा प्रधानाध्यापक नियुक्ति गर्न योग्यता सम्बन्धी मापदण्ड संशोधन गर्न वाञ्छनीय भएकोले तयार पारिएको

संशोधन प्रस्ताव

| क्र. सं. | संशोधन/थप हुने / हटाउने दफा/उपदफा | साविकको व्यवस्था | संशोधन/ थप हुनु पर्ने व्यहोरा | संशोधनको औचित्य |
|---|---|---|---|---|
| १ | दफा ४ उपदफा (१) खण्ड (ग) थप | नभएको | कुनै विद्यालयमा खण्ड (ख) बमोजिम योग्यता भएका शिक्षक उपलब्ध नभएमा एस एल सी वा सोसरहको परीक्षा उत्तीर्ण गरी १० महिने तालिम प्राप्त गरेका प्रथमिक तह मा १० वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभूत तह (१-५) को प्रधानाध्यापकको पदमा उम्मेदवार हुन बाधा पर्ने छैन । | केही विद्षालयमा कक्षा १२ वा सोसरह योग्यता प्राप्त शिक्षक उपलब्ध हुन नसकी प्रधानाध्यापक नियुक्तिमा बाधा पर्न गएकोले । |
| २ | दफा ४ उपदफदा (३) थप | नभएको | कुनै विद्यालयमा उपदफा (१) को खण्ड (क) बमोजिम सम्बन्धित तहमा कम्तिमा ५वर्ष स्थायी सेवा गरेको शिक्षकहरूले दरखास्त पेश नगरेमा दोस्रोपटकको विज्ञापनमा सम्बन्धित तहमा ५ वर्ष स्थायी सेवा पूरा नभएको भएपनि प्रधानाध्यापकको उम्मेदवार वन्न बाधा पर्ने छैन | प्रधानाध्यापक नियुक्तिको विज्ञापनमा केही विद्यालयमा ५ वर्ष सेवा अवधि पुगेका शिक्षकको दरखास्त नपरेको हुँदा |

प्रमुख